रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :८ संख्या : १४ मिति : २०८१/१०/१८

## भाग २

# रंगेली नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम नगरकार्यपालिकाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

# रंगेली अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुबिधा सम्बन्धि कार्यविधि २०८१

नगरकार्यपालिका बाट स्वीकृत मितिः २०८१/१०/१०

## रंगेली अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी कार्यविधि २०८१

**प्रस्तावनाः** नगरपालिका अन्तर्गत रहेका रंगेली अस्पतालबाट प्रवाह गरिने सेवालाई छिटो छरितो प्रभावकारी एव सेवाग्राही मैत्री गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कर्मचारीहरुलाई काम प्रति उत्प्रेरित र जवाफदेही बनाउने उद्देश्यले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम कार्यपालिकाले यो कार्यविधी बनाइ जारी गरेको छ।

**संक्षीप्त नाम र प्रारम्भः**(१) यो कार्यविधीको नाम रंगेली अस्पतालका कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी कार्यविधि २०८१ रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भए पछि प्रारम्भ हुनेछ।

२.**परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिकोमाः

(क.) **नगरपलिका** भन्नाले रंगेली नगरपालिका सम्झिनुपर्छ।

(ख.) **अस्पताल** भन्नाले रंगेली अस्पताल सम्झनुपर्छ।

(ग.) **कर्मचारी** भन्नाले रंगेली अस्पताल मातहत सेवा दिने स्थायी, करार तथा ज्यालादारीका सम्पूर्ण कर्मचारी सम्झिनुपर्छ।

**(घ.) प्रोत्साहन भत्ता** भन्नाले कर्मचारीलाई प्रोत्साहन गर्न तलव बाहेकको रकम सम्झनुपर्नेछ।

(ङ) **मन्त्रालय** भन्नाले संघीय वा प्रदेशको स्वास्थ्य विषय हेर्ने सम्झिनुपर्छ।

(च) **व्यवस्थापन समिति** भन्नाले अस्पताल संचालन तथा व्यवस्थापन समिति सम्झनुपर्छ।

(छ) **अस्पताल प्रमुख** भन्नाले रंगेली अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट सम्झनुपर्छ।

(ज) **कार्यपालिका** भन्नाले रंगेली नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(झ) **विशेषज्ञ चिकित्सक** भन्नाले चिकित्सा शास्त्रमा MD वा MS उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको सम्झनुपर्छ।

३.**तलव पाउने**ः (१)अस्पताल संचालन तथा व्यवस्थापन समिति तर्फका कर्मचारीहरुले देहायका तलव उपलब्ध गराउनुपर्नेछ।

| क्र.स. | पद | तह | तवल | ग्रेड | कैफियत |
|---|---|---|---|---|---|
| १. | मेडिकल सुपरिटेन्डेन्ट | नवौ/दशौ | नेपाल सरकार | | |
| २. | विशेषज्ञ चिकित्सक | नवौ | नेपाल सरकार | | |
| ३. | मेडिकल अधिकृत | आठौ | नेपाल सरकार | | |
| ४. | बि.एम.एल.टि | सातौ | ४०००० | ३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | हेल्थ असिस्टेन्ट | पाँचौ | २५००० | ३ | |
| ६. | स्टाफ नर्स | पाँचौ | २७००० | ३ | |
| ७. | फार्मेसी सहायक | पाँचौ | २५००० | ३ | |
| ८. | ल्याव टेक्निसियन | पाँचौ | २५००० | ३ | |
| ९. | रेडियोग्राफर | पाँचौ | २७००० | ३ | |
| १०. | मेडिकल रेकर्डर | पाँचौ | २५००० | ३ | |
| ११. | एनेस्थेसिया असिस्टेन्ट | पाँचौ | ३४७०० | ३ | |
| १२. | बायोमेडीकल सहायक | पाँचौ | ३०००० | ३ | |
| १३. | कम्प्युटर अपरेटर | पाँचौ | २२००० | ३ | |
| १४. | अनमी | चौथो | २०७०० | ३ | |
| १५. | अहेव | चौथो | २२००० | ३ | |
| १६. | ल्याव असिस्टेन्ट | चौथो | २२००० | ३ | |
| १७ | ह.स.चा.(एम्बुलेन्स) | श्रेणी विहिन | २७००० | ३ | खाजा खर्च ५००० |
| १८ | ह.स.चा.(शववाहन) | श्रेणी विहिन | २७००० | ३ | खाजा खर्च ५००० |
| १९ | इलेक्ट्रिसियन | श्रेणी विहिन | २५३०० | ३ | |
| २०. | प्राविधिक कार्यमा सहयोग गर्ने कार्यलय सहयोगी | श्रेणी विहिन | २०००० | ३ | |
| २१. | कार्यालय सहयोगी | श्रेणी विहिन | १६५०० | ३ | |
| २२. | ज्यालादारी कार्यालय सहयोगी | श्रेणी विहिन | १६५०० | ० | |
| २३ | ज्यालादारी स्वीपर | श्रेणी विहिन | १५००० | ० | |

२. दफा ३ (१) बमोजिमका करार कर्मचारीहरुको प्रत्येक बर्ष १ ग्रेड थपिदै जानेछ र अधिकतम ३ ग्रेड सम्म उपलब्ध गराउनु पर्नेछ।

३.दफा ३ (१) बमोजिमका कर्मचारीहरुले काम गरेको छ महिना पुगे पश्चात दशैमा चाडपर्व खर्च र चैत्र महिनामा पोशाक खर्च रु ५००० उपलब्ध गराईनेछ।साथै ड्युटीको समयमा पोशाक नलगाएको खण्डमा सम्पूर्ण तलव भत्ता रोक्का गरिनेछ।

४.दफा ३ (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि ज्यालादारी तर्फका कर्मचारीहरुलाई छ महिना पुगेता पनि दशैमा चाडपर्व खर्च र चैत्र महिनामा पोशाक खर्च रु ५००० उपलब्ध गराईनेछैन।

५.दफा ३ (१)मा भएको कर्मचारीहरु मध्ये ल्याव र एक्स रे सेवाका कर्मचारीहरुले सुरु तलव स्केलको २५ प्रतिशत मासिक जोखिम भत्ता उपलब्ध गराईनेछ।

६.दफा ३ (१)मा बमोजिमको कर्मचारीहरुलाई दशैं, तिहार र छठको बिदामा काम गरेवापत उक्त दिनको अतिरिक्त तलव उपलब्ध गराईनेछ तर ज्यालादारी तर्फका कर्मचारीलाई भन्ने उपलब्ध गराईनेछैन।

७.दफा ३ (१) बमोजिम नियुक्त भएका सम्पूर्ण कर्मचारीहरुले श्रावण महिना र पौष महिनामा कार्यसम्पादन मुल्यांकन फारम अनुसूची १ अनुसूची २ बमोजिम भर्नुपर्ने छ। साथै कार्यसम्पादन मुल्यांकन सन्तोषजनक भएमा कर्मचारीहरुको करार म्याद थप गरिनेछैन।

८. दफा ३ (१) बमोजिम नियुक्त भएका कर्मचारीहरुलाई आफ्नो शाखा बाहेक अस्पतालको आवश्यकता अनुसार थप जिम्मेवारी सहित खटाउनु परेमा समितिको निर्णयानुसार बढीमा बढीमा १५ हजार सम्म अतिरिक्त सुविधा थप गर्न सकिनेछ।

९. नेपाल सरकारको स्वीकृत दरबन्दी तथा कार्यक्रम करार तर्फ कामकाज गर्ने कर्मचारीहरुको हकमा स्वीकृत दरबन्दीकै तलव भत्ता भुक्तानी गरिनेछ।

माथी जुनसुकै कुरा उल्लेख भएको भएतापनि यस कार्यविधी अनुसार प्रदान गरिने पारिश्रमिक २०८१ फागुन महिना देखि लागु हुनेछ।

४.**तलव प्रदान गर्न नसकिने अवस्थाः** (१)अस्पताल मातहतका देहाय बमोजिमका कर्मचारीलाई तलव उपलब्ध गराउन सकिने छैनः

(क) प्रचलित कानुन बमोजिम निलम्बनमा परेका कर्मचारी

(ख)शाखा प्रमुख र अस्पताल प्रमुखले कार्यसम्पादनमा कम्जोर भएको सिफारिस गरिएका कर्मचारी

(ग)ड्युटी रोस्टर बमोजिम उपस्थित नभएका कर्मचारी

५.**विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता प्रदान गर्न सकिने** : १.देहायका चिकित्सकहरुलाई विशेषज्ञ चिकित्सक भत्ता रकम प्राप्त गर्नेछ।

(क) संघीय सरकार वा प्रदेश सरकार मातहत दरबन्दी रही काम काजमा खटिएकाविशेषज्ञ चिकित्सक।

(ख.) संघीय सरकार वा प्रदेश सरकारले २ बर्षे छात्रवृति करारमा खटिएकाविशेषज्ञ चिकित्सक।

(ग.)अस्पताल संचालन तथा व्यवस्थापन समिति तर्फको करार विशेषज्ञ चिकित्सक।

(घ.)कार्यक्रम करार तर्फका विशेषज्ञ चिकित्सक।

६.**विशेषज्ञ चिकित्सक प्रोत्साहनरकम प्राप्त गर्नेः** (१)विशेषज्ञता र अस्पतालको आवश्यकताको आधारमा विशेषज्ञ सेवा प्रदान गर्ने कार्यरत चिकित्सक वा करारमा लिई मासिक तलव भत्ता बाहेक प्रति चिकित्सक मासिक अधिकतम रु २ लाख सम्म समितिको निर्णयानुसार विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ।

२. दफा ५ (१) बमोजिम विशेषज्ञ चिकित्सक भत्ता पाउने चिकित्सक रंगेली नगरपलिका भित्र कुनै पनि निजि संस्थामा काम काज गर्न पाउने छैन।

३.दफा ५ (१) बमोजिम विशेषज्ञ चिकित्सक भत्ता पाउने चिकित्सकले २४ घण्टा सेवा उपलब्ध गराउनुपर्ने छ।

४.दफा ५ (१) बमोजिम विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता पाउने चिकित्सक अनुपस्थित भएको खण्डमा  अनुपस्थित भएको दिनको प्रोत्साहन रकम कट्टी गरिनेछ साथै प्रोत्साहन रकम कट्टी गर्दा प्रति दिन ३ दशमलव ३ प्रतिशतका दरले कट्टी गरिनेछ।

७.**प्रोत्साहन रकम प्रदान गर्नेः**(१)देहायका कर्मचारीहरुले प्रोत्सहन रकम प्राप्त गर्नेछ

(क) संघीय सरकार मातहत दरबन्दी रही काम काजमा खटिएका स्वास्थ्य सेवाका कर्मचारी।

(ख)प्रदेश सरकार मातहत दरबन्दी रही काम काजमा खटिएका स्वास्थ्य सेवाका कर्मचारी।

(ग) संघीय सरकार तथा प्रदेश सरकारले २ बर्षे क्षात्रवृति करारमा खटिएका कर्मचारी।

(घ) रंगेली नगरपालिकाद्वरा खटिएका स्थाई  कर्मचारी।

(ङ)अस्पताल संचालन तथा व्यवस्थापन समिति तर्फको करार कर्मचारी ।

(च)कार्यक्रम करार तर्फका कर्मचारी।

८.**प्रोत्साहन रकम प्रदानः** (१) अस्पतालले आफु मातहतको कर्मचारीहरुलाई देहाय बमोजिम प्रोत्साहन रकम उपलब्ध गराईनेछ।प्रोत्साहन रकम २०८१ श्रावण महिना देखि लागु हुनेछ।

**२. मेजर शल्यक्रियाः**जम्मा रकमको ६० प्रतिशत अस्पताल संचालन तथा व्यवस्थापन समितिमा रहने गरी बाँकि ४० प्रतिशत रकमलाई १०० प्रतिशत सम्झिनुपर्दछ ।

| **क्र.स.** | **पद** | **शल्यक्रिया वापत पाउने रकम(प्रतिशतमा)** | **कैफियत** |
|---|---|---|---|
| १. | मुख्य सर्जन | ४० | |
| २. | असिस्टेन्ट सर्जन | १० | |
| ३. | ऐनेस्थेसियोलोजिस्ट | १८ | |
| ४. | ऐनेस्थेसिया सहायक | ९ | |
| ५. | Scrub नर्स | ९ | |
| ६. | Postop, Maternity, सर्जरी वार्ड नर्स | ४ | |
| ७. | ओटी ब्वाई | ४ | |
| ८. | स्वीपर | २ | |
| ९. | कार्यलय सहयोगी | २ | |
| १०. | अस्पताल मेट्रोन | २ | |

**३.माईनर शल्यक्रियाः**जम्मा रकमको ६० प्रतिशत अस्पताल संचालन तथा व्यवस्थापन समितिमा रहने गरी बाँकि ४० प्रतिशत रकमलाई १०० प्रतिशत सम्झिनुपर्दछ।

| **क्र.स.** | **पद** | **शल्यक्रिया वापत पाउने रकम(प्रतिशतमा)** | **कैफियत** |
|---|---|---|---|
| १. | मुख्य सर्जन | ४५ | |
| २. | ऐनेस्थेसियोलोजिस्ट | २० | |
| ३. | Scrub नर्स | १० | |
| ४. | ऐनेस्थेसिया असिस्टेन्ट | १० | |
| ४. | Postop, Maternity, सर्जरी वार्ड नर्स | ४ | |
| ५. | ओटी ब्वाई | ५ | |
| ६. | स्वीपर | २ | |
| ७. | कार्यलय सहयोगी | २ | |

| | | | |
|---|---|---|---|
| ८. | अस्पताल मेट्रोन | २ | |

**४. भिडियो ऐक्स गरे वापत भत्ता** :जम्मा रकमको ५० प्रतिशत अस्पताल संचालन तथा व्यवस्थापन समितिमा रहने गरी बाँकि ५० प्रतिशत उपलब्ध गराईनेछ।

**५. इको सेवा वापतको भत्ता** :जम्मा रकमको ५० प्रतिशत अस्पताल संचालन तथा व्यवस्थापन समितिमा रहने गरी बाँकि ५० प्रतिशत  उपलब्ध गराईनेछ।

६.**पोस्टमार्टम सेवा**:जम्मा रकमको ५० प्रतिशत समितिको खातामा रहने गरी बाँकि ५० प्रतिशत रकमलाई १०० प्रतिशत मानी बाँडफाड गर्नुपर्ने छ।

| **क्र.स.** | **पद** | **प्रतिशत** | **कैफियत** |
|---|---|---|---|
| १. | चिकित्सक | ४० | |
| २. | प्रशासन शाखा | ३० | |
| ३. | स्टोर शाखाको कार्यालय सहयोगी | १० | |
| ४. | स्वीपर | २० | |

७.निरोगिता तथा पुलिसकेसः जम्मा रकमको ५० प्रतिशत समितिको खातामा रहने गरी बाँकि ५० प्रतिशत रकमलाई बाडफाड गर्नुपर्ने छ।

| क्र.स. | पद | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | चिकित्सक | ५० प्रतिशत | |
| २. | प्रशासन शाखा | ५० प्रतिशत | |

८. आकष्मिक प्रोसुडरः जम्मा रकमको ७० प्रतिशत समितिको रहने गरी बाँकि ३० प्रतिशत रकमलाई १०० प्रतिशत मानी उप्लाब्ध गराउनुपर्ने छ।

| क्र.स. | पद | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | चिकित्सक | ४० | प्लास्टर, कास्ट, सूचर, ड्रेसीङ, अन्य आकष्मिक प्रोसुडर(आमा सुरक्षा कार्यक्रम बाहेक) |
| २. | HA ,CMA,Nurse | ४० | |
| ३. | कार्यलय सहयोगी | १० | |
| ४ | स्वीपर | १० | |

**९.फोहर विक्री गर्दा जम्मा भएका रकमः** जम्मा रकमको ५०प्रतिशत समितिको रहने गरी बाँकि ५० प्रतिशत रकम फोहरमैला व्यवस्थापनमा काम गर्ने स्वीपरलाई उपलब्ध गराईनेछ।

१०.डेन्टल सेवाः डेन्टल सेवा प्रदान गरे वापत जम्मा रकमको ८५ प्रतिशत समितिको खातामा हुनेगरी बाँकि १५ प्रतिशत रकमलाई १०० प्रतिशत मानि देहाय बमोजिम गर्नुपर्ने छ।

| क्र.स. | पद | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | चिकित्सकहरु | ८५ | |
| २. | डेन्टल हाईजिनिस्ट | १० | |
| ३.. | कार्यालय सहयोगी | ५ | |

(२) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि अस्पतालमा श्रोत अभाव भएको खण्डमा प्रतेक महिना भुक्तानि गरिनेछैन।

(३) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वास्थ्य बिमा तफको प्रोत्साहन रकम भुक्तानि नेपाल सरकार, स्वास्थ्य बिमा बोर्डले अस्पताललाई सोधभर्ना रकम उपलब्ध नगराए सम्म बिमा तर्फको प्रोत्साहन रकम अस्पताल उपलब्ध गराईनेछैन।

**८.प्रोत्साहन रकम प्रदान गर्न नसकिने अवस्थाः**अस्पताल मातहतका देहाय बमोजिमका कर्मचारीलाई प्रोत्साहन रकम उपलब्ध गराउन सकिने छैन।

(क) प्रचलित कानुन बमोजिम निलम्बनमा परेका कर्मचारी।

(ख)अस्पताल प्रमुखले कार्यसम्पादनमा कम्जोर भएको सिफारिस गरिएका कर्मचारी।

(ग)ड्युटी रोस्टर बमोजिम उपस्थित नभएका कर्मचारी।

**९.रात्रीकालिन ड्युटी वापत भत्ताः**(१) अस्पतालमा कार्यरत मेडिकल अधिकृतलाई रात्रीको बेलामा ड्युटी गरे वापत रु.१००० र अन्य कर्मचारीलाई रु १५० रात्रीकालिन ड्युटी वापत भत्ता उपलब्ध गराईनेछ।

**१०.बिहान बेलुका राउण्डः** (१) अस्पतालमा कार्यरत बिशेषज्ञ चिकित्सकलाई करार सम्झौताको आधारमा दैनिक बिहान र बेलुका गरी अधिकतम रु ३ हजारसम्म डायलाईसिस, आइसियू ओटी कन्सल्टेसन लयागत अस्पतालमा सम्पूर्ण डिपार्टमेन्टमा राउण्ड गरे बापत राउण्ड चार्ज उपलब्ध गराईनेछ तर विशेषज्ञ चिकित्सकको राउण्ड चार्जको लागि अस्थाई वा स्थाई दुवैको छुटै करारनामा हुनुपर्नेछ।यो रकम अस्पताल संचालन तथा व्यवस्थापन समितिको निर्णयनुसार हुनेछ।

११.**सम्मानजनक बिदाईः**(१)यो कार्यविधि लागुभएको मिति देखि पाँच बर्ष वा सो भन्दा बढी कामकाज गरी स्वेच्छाले काम काज गर्न नचाहेमा वा नसकेमा वा अस्पताललाई आवश्यकता महसुस नभएमा सम्मानजनक बिदाई हुने खण्डमा खाई पाई आएको बेसिक तलव स्केलको प्रत्येक बर्षको १ महिना बरावरको तलव स्केल दिई सम्मानजनक बिदाई गरिनेछ।
२. दफा १०(१) बमोजिम सम्मानजनक बिदाई नहुने अवस्थाः अस्पताल मातहतका देहाय बमोजिमका कर्मचारीलाई सम्मानजनक बिदाईको रकम उपलब्ध गराउन सकिने छैन।

(क) प्रचलित कानुन बमोजिम निलम्बनमा परेका कर्मचारी।

(ख) अस्पताल प्रमुखले कार्यसम्पादनमा कम्जोर भएको सिफारिस गरिएका कर्मचारी।

१२.लेखा तथा लेखापरिक्षणः यस कार्यविधि बमोजिम उपलब्ध गराईएको प्रोत्साहन रकमको अस्पतालले प्रचलित कानुन बमोजिम आन्तरिक र अन्तिम लेखापरिक्षण गर्नुपर्नेछ।

१३. बाधा अड्काउ फुकाउन सकिनेः(१)यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा परेमा रंगेली नगरपालिकाले कार्यपालिकामा लगि उक्त बाधा अड्काउलाई फुकाउन सक्नेछ।

१४.अनुगमन तथा निरीक्षणः(१)कार्यविधि बमोजिम काम काज भए नभएको एकिन गर्ननगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र अस्पताल प्रमुखले जुनसुकै बेला अनुगमन गर्न सक्नेछ।
२.उपदफा १ बमोजिम अनुगमन गर्दा झुठा सावित भए प्रचलित कानुन कारवाही हुनेछ।

१५.संसोधन, खारेजी र बचाउः यो कार्यविधि लागु भएको दिन देखि रंगेली अस्पताल विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि २०८० खारेजी हुनेछ तथा उक्त कार्यविधी अनुसार भएका कामकारवाही यसै कार्यविधी बमोजिम भएको मानिनेछ।साथै यस कार्यविधिलाई आवश्यकता अनुसार संसोधन गर्ने अधिकार नगर कार्यपालिकामा निहित हुनेछ।

अनुशुची १

रंगेली नगरपालिका

**रंगेली अस्पताल**

करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुका लागि कार्यसम्पादन मुल्यांकन फारम

चिकित्सक नर्सिङ तथा अन्य प्राविधिक कर्मचारीहरुका लागि

**(खण्ड १ र २ सम्बन्धित कर्मचारीले भर्ने र विभागीय प्रमुखलाई बुझाउने)**

**खण्ड १**

कर्मचारी विवरणः

नाम थर

पदः

तहः

नियुक्तिको किसिमः

खण्ड २

पछिलो ६ महिनामा अस्पतालमा कार्य गर्दा आफुले पुर्याएको सेवाकोको विवरणः

| **क्र.स.** | **विवरण** |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

आगामी ६ महिनाको कार्य योजनाः

| **क्र.स.** | **विवरण** |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

**खण्ड ३ र ४ विभागीय प्रमुख इन्चार्जले भर्ने र गोप्य रुपमा अस्पतालको प्रशासन शाखामा बुझाउनेः**

**खण्ड३**

| व्यक्तिगत आचरण | स्तर | अतिउतम | उतम | सन्तोषजनक | सामान्य | न्यून |
|---|---|---|---|---|---|---|
| | अंक | ५ | ४ | ३ | २ | १ |
| १.विषय बस्तुको ज्ञान | | | | | | |
| २. निर्णयगर्न सक्ने क्षम्ता | | | | | | |
| ३.समय पालना र नियमितता | | | | | | |
| ४. सेवा ग्राही संगको व्यवहार तथा संचार सिप | | | | | | |
| ५. समुहमा कार्य गर्न सक्ने क्षम्ता | | | | | | |
| जम्मा प्राप्त अंक | | | | | | |
| कुल प्राप्त अंक | | | | | | |

**खण्ड ४**

नविकरणका लागि सिफारीस

१.गरिएको

२.नगरिएको

विभागीय प्रमुख इन्चार्जको हस्ताक्षरः

नामः

पदः

बिभाग/शाखा/ईकाई

अनुशुची २

रंगेली नगरपालिका

**रंगेली अस्पताल**

करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुका लागि कार्यसम्पादन मुल्यांकन फारम

अप्राविधिक कर्मचारीहरुका लागि

**(खण्ड १ सम्बन्धित कर्मचारीले भर्ने र विभागीय प्रमुखलाई बुझाउने)**

कर्मचारी विवरणः

नाम थर

पदः

तहः

नियिक्तिको किसिमः

कर्मचारीको हस्ताक्षरः

**खण्ड २ र ३ विभागीय प्रमुख इन्चार्जले भर्ने र गोप्य रुपमा अस्पतालको प्रशासन शाखामा बुझाउनेः**

**खण्ड २**

| व्यक्तिगत आचरण | स्तर | अतिउतम | उतम | सन्तोषजनक | सामान्य | न्यून |
|---|---|---|---|---|---|---|
| | अंक | ५ | ४ | ३ | २ | १ |
| १.विषय बस्तुको ज्ञान | | | | | | |
| २. निर्णयगर्न सक्ने क्षम्ता | | | | | | |
| ३.समय पालना र नियमितता | | | | | | |
| ४. सेवा ग्राही संगको व्यवहार तथा संचार सिप | | | | | | |
| ५. समुहमा कार्य गर्न सक्ने क्षम्ता | | | | | | |
| जम्मा प्राप्त अंक | | | | | | |
| कुल प्राप्त अंक | | | | | | |

## खण्ड ३

नविकरणका लागि सिफारीस

१.गरिएको

२.नगरिएको

विभागीय प्रमुख इन्चार्जको हस्ताक्षरः

नामः

पदः

बिभाग/शाखा/ईकाई

**आज्ञाले**

**ओमकार प्रसाद न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**